**सर्वोच्च अदालत, पूर्ण इजलास**
**माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल**
**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**
**माननीय न्यायाधीश श्री नृपध्वज निरौला**

**संक्षिप्त आदेश**

**०८१-NF-००३३**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय................ **निवेदक/प्रत्यर्थी**

विरुद्ध

जनहित संरक्षण मञ्च (प्रो. पब्लिक)समेत............................ **प्रत्यर्थी/रिट निवेदक**

**०८१-NF-००३४**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं....**निवेदक/प्रत्यर्थी**

विरुद्ध

जनहित संरक्षण मञ्च(प्रो. पब्लिक)समेत................................**प्रत्यर्थी/रिट निवेदक**

**विषयः उत्प्रेषणसमेत**

यसमा, यस अदालतको संयुक्त इजलासबाट मिति २०८०।०९।०३ मा भएको आदेशउपर पुनरावलोकनको अनुमति प्राप्त भई यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल संलग्न कागजात अध्ययन गरी निवेदक नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् नायब महान्यायाधिवक्ता श्री संजिबराज रेग्मी, प्रत्यर्थीको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री पदमबहादुर श्रेष्ठ र श्री राजु चापागाई एवम् विद्वान् अधिवक्ताहरु श्री रुपा बस्नेत, श्री सर्मिला श्रेष्ठ, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला तथा सरोकारवालाको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दहाल र श्री प्रकाश बहादुर के.सी. एवम् विद्वान् अधिवक्ताहरु श्री जुजुकाजी महर्जन, श्री नरेश श्रेष्ठ, श्री सुजित कुमार भुजेल, श्री समिता श्रेष्ठ, श्री उद्धव कुमार के.सी, श्री महेश्वर श्रेष्ठ, श्री राजु शाक्य, श्री हरेराम शर्मा फुयाल र श्री नानीराम चौलागाईसमेतले गर्नु भएको बहस सुनियो।

यस अदालतबाट भएको आदेश पुनरावलोकन गरिपाउँ भनी प्रत्यर्थी नेपाल सरकारको तर्फबाट परेको निवेदनमा पुनरावलोकन गरी हेर्न अनुमति प्रदान भई यस इजलाससमक्ष निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातका आधारमा यस अदालतको संयुक्त इजलासबाट मिति २०८०।०९।०३ मा भएको फैसलामा उल्लिखित *"बागमती नदी र यसका सहायक नदीका हकमा मिति २०६५।०८।०१ मा मन्त्रिपरिषद्द्वारा निर्धारित मापदण्ड बाहेक दायाँ-बायाँ अर्को थप २० मिटर छाडेर मात्र नक्सा पास अनुमति दिने, कुनै नदी खोलाको हकमा सीमा नतोकिएको भएमा किनाराबाट दायाँ-बायाँ न्यूनतम २० मिटर सीमा निर्धारण गर्ने, थप गरिएको दुरीमा कुनै संरचना नबनिसकेको अवस्थामा उक्त दुरी भित्र पर्ने जग्गालाई निर्माण निषेधित क्षेत्र (No Construction Zone) घोषणा गरी निर्माणको अनुमति प्रदान नगर्ने र उल्लिखित थप २० मिटर भित्रको जग्गामा कानूनबमोजिम नक्सा पास गरी पहिले नै भवन आदि संरचना निर्माण गरिएको अवस्थामा नदी किनारा क्षेत्रमा स्थायी संरचनाहरु निर्माण गर्न र नदी तथा खोलाहरुको सहज प्रवाहको लागि आवश्यक पर्ने जग्गा कानूनबमोजिम क्षतिपूर्ति प्रदान गरी प्राप्त गर्ने"* भन्ने हदसम्मको उक्त फैसला कानून र न्यायको रोहमा मिलेको नदेखिंदा सो हदसम्म संयुक्त इजलासको मिति २०८०।०९।०३ को फैसला केही उल्टी हुने ठहर्छ। प्रस्तुत मुद्दाको फैसलाको पूर्णपाठ तयार गर्न समय लाग्ने हुँदा यो संक्षिप्त आदेश गरिदिएको छ। –

न्यायाधीश    न्यायाधीश    न्यायाधीश

**इति संवत् २०८२ साल माघ ४ गते रोज १ शुभम् .......................................।**

CamScanner